BRITISH COUNCIL

विश्वमा हरेक बालबालिकाको महत्व हुन्छ ।

बालबालिकाको संरक्षण हामी कसरी गर्छौं ।

# बाल संरक्षण नीति

विषय सूची


**१. संशोधित बाल संरक्षण नीतिको परिचय............ ... ........... ......... ......... ........ १**

१.१ संशोधित बाल संरक्षण नीति हामीलाई किन चाहिन्छ... ... ... ... ....... .... .. १

१.२ यस बाल संरक्षण नीतिमा प्रयोग गरिएका परिभाषा ....... ........ ........ ...... १

१.३ बाल संरक्षण नीति के हो ? ............... ........... .......... .......... ......... ३

१.४ यस बाल संरक्षण नीतिको आधार सिद्धान्तहरु ......... ....... .......... ......... ४

१.५ यस बाल संरक्षण नीतिका लक्षित वर्ग को हुन् ? ....... ......... ......... ...... ५

१.६ हाम्रो उत्तरदायित्व के के हुन् ? .......... ........ ........... ......... ......... .... ५

१.७ नीतिको व्यवहारिक अभ्यास .......... .......... ......... .......... ......... .... ६

१.८ ब्रिटिश काउन्सिलका अन्य नीति तथा कार्यविधिसँग यस नीतिको सम्बन्ध......... ६

१.९ उजुरी वा गुनासो ......... ............. ........... ................ ........... ६

**२. बाल संरक्षण सवालबारेको बुझाइ ............. ............. ........... ........ ...... ...... ७**

२.१ हामी बालबालिकालाई केबाट संरक्षण गर्दैछौ ? .......... ............ .......... .... ७

२.१ बाल दुर्व्यवहार सामान्य परिभाषा ............ .......... ............ ............ ...... ७

२.३ सांस्कृतिक संवेदनशीलता............ ................. .................. ........... ८

**३. निरोधात्मक कार्य .................... .................... ................... ............ ९**

३.१ दुर्व्यवहारका परिस्थितिको रोकथाम पद्धति तथा कार्यविधि........... .......... .... ९

३.१.१ कर्पोरेट बाल संरक्षण टीम ............... ............... ........... ...... ९

३.१.२ बाल संरक्षण सम्पर्क व्यक्ति........... ........... ......... ....... ९

३.१.३ बाल संरक्षण रणनीतिक नेतृत्वहरु........ ................. ......... ......१०

३.१.४ बाल सुरक्षा कार्य योजना .................... ...................... .........१०

३.१.५ बालबालिका सामेल कार्यक्रम तथा यात्राका बाल संरक्षण जोखिम मूल्यांकन १०

३.१.६ करार तथा साझेदारी सम्झौताहरु.................. ........... ........... ११

३.१.७ विद्यमान व्यवसायिक अभ्यासमा बाल संरक्षणको एकीकरण............ ११

३.१.८ उत्पादन तथा सेवाहरुको डिजाइन तथा प्रवाह ............... .......... ११

३.१.९ बालबालिकाको तस्वीर तथा चित्रको प्रयोग............... ............. ११

३.१.१० प्रविधि प्रयोग...................... ..................... ................... ११

३.२ बालबालिकासँग कार्य गर्न उपयुक्त कर्मचारी छनौटको सुरक्षित भर्ना प्रक्रिया...... १२

३.३ कर्मचारी तथा अन्यलाई सीप एवम् ज्ञानबाट सुसज्जित गर्न शिक्षा तथा तालिम... १२

३.४ परामर्श तथा सहयोग............ .............. ...................... .............. १३

३.५ सचेतना अभिवृद्धिका लागि सूचना तथा संचार ...................... .............. १३

**४. आरोप तथा गुनासो व्यवस्थापन ................ ................. .............. १४**

**५. कार्यान्वयन, अनुगमन तथा मूल्यांकन ................... ............. ........ १५**

५.१ जवाफदेहीता ............ ................... .................................... १५

५.२ ग्राहक एवं बालबालिकाबाट पृष्ठपोषण................ .................... .......... १५

५.३ बाल संरक्षण स्व-संपरीक्षण.................... ............................. १५

५.४ स्रोतसामग्री................ .................................. ........................ १५

५.५ अनुगमनका अन्य संयन्त्र.................... ........................... ........... १६

५.६ बाल संरक्षण नीतिको पुनरावलोकन..................... ........................ १६

# १. संशोधित बाल संरक्षण नीतिको परिचय

## १.१ संशोधित बाल संरक्षण नीति हामीलाई किन चाहिन्छ ?

बालबालिकाको हित तथा सुरक्षालाई ब्रिटिश काउन्सिल गम्भीर रुपमा लिन्छ । एक वृहत्तर बाल संरक्षण नीतिको (जसलाई नीति पनि भनिन्छ) मूल मस्यौदा सन् २०१०[1] को अक्टोबरमा तयार गरिएको थियो र विभिन्न परामर्शबाट सन् २०१५ मा यसमा संशोधन गरियो र उक्त नीतिको वर्तमान संस्करण तयार भयो ।

सन् २०१०[2] देखि यता ब्रिटिश काउन्सिलले सामना गरेको बाल संरक्षण जोखिमको प्रकृति र यो बाल संरक्षण नीतिको कार्यान्वयन अनुभव दुवै सन्दर्भको दृष्टिले हेर्दा ब्रिटिश काउन्सिलले बाल संरक्षणको सम्बन्धमा धेरै ज्ञान हासिल गरेको छ । यस समयावधिमा कर्पोरेट बाल संरक्षण टीम (Corporate Child Protection Team) बिस्तार एवम् सुदृढीकरण गरियो, क्षेत्रीयस्तरमा बाल संरक्षण सञ्जाल र बेलायतमा रणनीतिक विजनेस युनिट (SBU) स्थापना गरियो । यस अवधिमा बालबालिकाको सुरक्षा अवस्थाबारे अध्ययन गर्ने संस्था किपिङ चिल्ड्रेन सेफ[3] (KCS) केसीएसको मूल्यांकनले सन् २०१५ मा ब्रिटिश काउन्सिललाई स्तर-१ बाल सुरक्षाको रुपमा प्रमाणीकरण गरयो जुन महत्वपूर्ण उपलब्धि थियो । उक्त बाह्य केसीएस मूल्यांकनले विभिन्न कार्य अभ्यासहरुको प्रशंसा गर्नुका साथै आगामी चरणको नीति सुधार एवम् कर्यान्वयनमा विशेष ध्यान दिनुपर्ने नीतिगत कमजोरी र कार्य क्षेत्रको पनि पहिचान गर्‍यो । अन्तर्राष्ट्रिय मापदण्ड पूरा गर्न यस नीतिको क्षेत्रले बालबालिकासँग **सम्पर्क बिस्तार** र **उनीहरुमाथिको सकरात्मक प्रभावलाई** समेट्नु जरुरी छ, जसको प्रत्यक्ष सम्बन्ध कर्मचारी, कार्यक्रम र कार्यसञ्चालनसँग रहेको हुन्छ ।

कुनै पनि नीति अझै पनि उपयुक्त वा कार्यान्वयनयोग्य छन् वा छैनन् भन्ने मूल्यांकन गर्न त्यसको नियमित पुनरावलोकन गर्नु र सोहीअनुरुप संशोधन गर्दै जानुपर्छ जुन असल नीतिगत अभ्यास हो । बाल संरक्षण नीतिको यस नयाँ संस्करणको मस्यौदा ब्रिटिश काउन्सिलको विश्वभरका कार्यक्षेत्रको वृहत परामर्शबाट तयार गरियो जसमा कर्मचारीहरुको विश्वव्यापी अनलाइन सर्भेक्षण, बाल संरक्षण रणनीतिक नेतृत्वहरु र यस नीति अन्तर्गत प्रमुख कार्य जिम्मेवारी सम्हाल्ने कर्मचारीहरुसँगको छलफल, र ब्रिटिश काउन्सि कार्यरत क्षेत्रका बालबालिकासँगको छलफल एवम् परामर्श थियो ।

## १.२ यस बाल संरक्षण नीतिमा प्रयोग भएका परिभाषा

यस नीतिको अध्यनलाई सजिलो बनाउन र समग्र नीतिलेखमा पुनः लामो परिभाषा दोहार्‍याउनुपर्ने झन्झटबाट बच्न यस नीतिमा प्रयोग भएका शब्दहरुलाई देहायबमोजिम परिभाषित गरिएका छन् :

**बालबालिका :**

संयुक्त राष्ट्रसंघीय बाल अधिकार महासन्धि, १९८९ मा उल्लेख भएअनुरुप यस नीतिमा बालबालिका भन्नाले १८ वर्ष उमेर नपुगेका जुनसुकै बालबालिकालाई बुझिन्छ ।

यद्यपि हामी कार्यरत मुलुकहरुको राष्ट्रिय कानुनले कुनै पनि बालबालिकालाई वयस्क मान्ने, वा कुनै बालबालिकाले सहमति दिनसक्ने वा उत्तरदायी हुने उमेर फरक-फरक तोकेको हुनसक्ने भएतापनि यस नीतिमा हामी बालबालिकाको परिभाषा बाल अधिकार महासन्धिमा उल्लेख भएबमोजिमको अन्तर्राष्ट्रिय कानुनअनुरुप नै प्रयोग गर्छौं ।

**कर्मचारी :**

कर्मचारी भन्ने शब्दले जुनसुकै प्रकारको करार सम्झौता भएतापनि ब्रिटिश काउन्सिलसँग व्यक्तिगत हैसियतमा कार्य गर्ने सबैलाई जनाउँछ । यसले तलब पाउने र नपाउने कर्मचारी, अल्पकालीन वा दीर्घकालीनरुपमा आबद्ध स्वयंसेवकलाई पनि समेट्छ । यसले परामर्शदाता र कुनै खास कार्यका लागि करार गरिएका अस्थायी कर्मचारीलाई समेत समेट्छ । कर्मचारी शब्द राष्ट्रिय, अन्तर्राष्ट्रिय र बेलायतमा कार्यरत सबै कर्मचारीमा बराबर लागू हुन्छ ।

**साझेदार, आपूर्तिकर्ता एवं ठेकेदार :**

'साझेदार, आपूर्तिकर्ता एवं ठेकेदार' शब्दहरुले ती सबैलाई बुझाउँछ जोसँग मालसामान वा सेवाको आपूर्ति वा सहकार्यको लागि हामीले करार सम्झौता गरेका हुन्छौं । यसमा वित्तीय वा अन्य लाभ जोडिएको हुनसक्छ तर हुनैपर्छ भन्ने छैन । यसमा हाम्रो तर्फबाट कार्य गर्ने कार्यान्वयन साझेदार र ब्रिटिश काउन्सिलले कार्यगत सम्बन्ध स्थापना गर्नसक्ने मन्त्रालय, दाता वा कोष लगानी गर्ने अन्य सरोकारवालाहरु समेत पर्दछन् ।

---

१यस नीतिको अद्यावधिक संस्करण सन् २०१२ मा जारी गरिएको थियो तर यो सन् २०१० मा तयार गरिएको मूल नीतिको पूर्ण संसोधन थिएन ।

२ बाल सुरक्षा कार्यक्रमलाई विश्वभर लागू गर्नुपूर्व प्रक्रियाको एक भागको रुपमा ब्रिटिश काउन्सिलले सन् २०१०/११ बाल सुरक्षा कार्यक्रमको प्रारम्भिक परीक्षण सञ्चालन गरेको थियो ।

३ किपिङ चिल्ड्रेन सेफ (केसीएस) एउटा नेटवर्क संस्था हो जसका सदस्यहरु बालबालिकाको सुरक्षाका लागि अन्तर्राष्ट्रिय मापदण्डको विकास र कार्यान्वयनमा मिलेर कार्य गर्छन् । ब्रिटिश काउन्सिल पनि केसीएसको एक सदस्य हो ।

४. संयुक्त राष्ट्रसंघीय बालअधिकार महासन्धि एक अन्तर्राष्ट्रिय ढाँचा हो जसले बालबालिकाहरुको संरक्षण अधिकार सहित अन्य खास अधिकारहरु उल्लेख गरेको छ । यस महासन्धिमा १९० भन्दा बढी मुलुकले हस्ताक्षर गरेका छन् ।

### १.३ बाल संरक्षण नीति के हो ?

बाल संरक्षण नीति कुनैपनि संस्थाको बालबालिका विरुद्ध हुने हिंसा, दूर्व्यवहार, शोषण र संस्थागत उपेक्षाबाट बालबालिकाहरुलाई संरक्षण गर्ने प्रतिबद्धता हो - अर्थात संस्थाले बालबालिकाको सुरक्षा कसरी गर्छ भन्ने कुराहरु उल्लेख गरिएको दस्तावेज नै बाल संरक्षण नीति हो । बाल सुरक्षालाई देहायबमोजिम परिभाषित गर्न सकिन्छ :

> बाल सुरक्षा त्यो जिम्मेवारी वा उत्तरदायित्व हो जसअन्तर्गत संस्थाहरुले आफ्ना कर्मचारी, कार्यको सञ्चालन, गतिविधि र कार्यक्रमहरुले बालबालिकालाई हानि गर्दैनन्, उनीहरुले बालबालिकालाई हानि वा दुर्व्यवहारको जोखिममा पार्दैनन्/छोडदैनन् र ती संस्थाहरु कार्यरत समुदायभित्र बालबालिकाको सुरक्षाको सवालमा कुनै समस्या वा गुनासो देखेमा वा पाएमा सम्बन्धित निकायमा खबर गरिनेछ ।
>
> - किपिङ चिल्ड्रेन सेफ

ब्रिटिश काउन्सिलका लागि बाल संरक्षण नीतिको विकास र कार्यान्वयन दुवैमा प्रमुख चुनौतीहरु पनि छन् किनकि हामीले कार्य गर्ने मुलुकहरुको संख्या र परिवेशहरु भिन्न छन्, हाम्रो कार्यसञ्चालनमा पनि विविधता छ । यस बाल संरक्षण नीतिले बाल सुरक्षाका सम्बन्धमा वृहत ढाँचा र अपेक्षा प्रस्तुत गर्दछ । त्यसैगरी, राष्ट्रस्तरमा सम्बन्धित राष्ट्रका टीमहरुले त्यहाँको स्थानीय कार्यसंचालन परिस्थिति र कानुनी प्रावधानहरुलाई मध्यनजर गर्दै यस नीतिको आवश्यकता कसरी पूरा गर्ने भन्ने कुरा पहिचान गर्नुपर्ने कुरालाई पनि स्वीकार गरेको छ ।

**यस नीति अनिवार्य छ र ब्रिटिश काउन्सिल वा हाम्रो साझेदारहरु कार्यरत सबै क्षेत्र एवं परिस्थितिहरुमा यसलाई अनिवार्य लागू गरिनुपर्छ ।**

बाल सुरक्षाको सवालमा ब्रिटिश काउन्सिलको शून्य सहनशीलता जोखिम दृष्टिकोण छ । व्यवहारिक रुपमा भन्नुपर्दा, लागत प्रभाव वा कार्यसञ्चालनको असुविधालाई वास्ता नगरी अर्थात लागत वा असुविधा जेजस्तो भएपनि यस नीतिको पालनाका लागि सबै आवश्यक प्रयास गरिनुपर्छ ।

जहाँ यस नीतिको पालना गर्न सम्भव हुँदैन (उदाहरणको लागि, स्थानीय भर्ना प्रक्रिया वा अभ्यासमा असर गर्ने रोजगारसँग सम्बन्धित कानुन छन् वा सुरक्षाका कारणहरु छन् भने) सो अवस्थाबारे कर्पोरेट बाल संरक्षण टीमलाई अवगत गराउनुपर्छ ताकि कुनै वैकल्पिक कार्य तरिकामा सहमति गर्न सकियोस् । यसो गर्न असफल भएमा यस नीतिको उलंघन हो ।

हाम्रो नीतिले कार्यान्वयनको दुई पक्षमा ध्यान दिन्छ :

**निरोधात्मक (Preventive)** - कुनै पनि बालबालिकामा हुनसक्ने सम्भावित हानि वा दुर्व्यवहार न्यून गर्ने ।

**प्रतिकार्यात्मक (Responsive)** - जहाँ गुनासो वा चासो उठान गरिन्छ वा शंकास्पद हानि वा दुर्व्यवहारको अवस्था पहिचान हुन्छन्, त्यहाँ बालबालिकालाई सहयोग गरिनेछ भन्ने कुराको सुनिश्चित गर्न र फेरि त्यस्तै परिस्थिति उत्पन्न हुनबाट रोक्न उचित कारवाही थालिनेछ ।

### १.४ यस बाल संरक्षण नीतिका आधार सिद्धान्तहरु

यस बाल संरक्षण नीतिको नीतिगत प्रावधानहरुको विकासका बल पुऱ्याउने विभिन्न आधार सिद्धान्तहरु रहेका छन् । ती सिद्धान्तहरुमा :

- **बालबालिकाको सवोत्तम हित :** बालबालिकाको हित सबैभन्दा माथि रहेको हुन्छ र यसलाई हाम्रो निर्णय प्रक्रियामा प्रमुख प्राथमिकतामा राखिनेछ ।
- **बालबालिकाको अधिकारको सम्मान :** संयुक्त राष्ट्रसंघको बालअधिकार महासन्धि, १९८९ मा उल्लेख भएअनुरुप संरक्षणको अधिकार र उनीहरुको जीवनमा प्रभाव पार्ने निर्णयमा सहभागी हुने अधिकारलगायतका अधिकारहरुको सम्मान पर्दछन् ।
- **समान अवसर :** लिंग, क्षमता, वर्ग, जातीयता, परिस्थिति वा उमेर जुनसुकै भएपनि सबै बालबालिकाहरुले हाम्रो गतिविधिहरुमा सुरक्षितरुपमा समान संलग्नताको अवसर पाउने कुराको सुनिश्चित गरिनेछ । संकटासन्न बालबालिकालाई विशेष ध्यान दिइनेछ जसले गर्दा उनीहरुको सुरक्षा एवम् संरक्षणमा अभिवृद्धि हुनेछ र अवसरहरुमा उनीहरुको पहुँच बढाउन सहयोग पुग्नेछ ।
- **परामर्श :** यस नीतिको कार्यान्वयन र यसको कार्यान्वयनमा सहयोग पुऱ्याउन विकास गरिएका कार्यविधिहरुको सम्बन्धमा बालबालिका र उनीहरुको परिवारसँग परामर्श गरिनेछ ।
- **सांस्कृतिक संवेदनशीलता तथा स्थानीय परिवेशको मान्यता** : निर्णय प्रक्रियामा र हाम्रो कार्यविधि जानकारी गराउँदा संस्कृतिप्रति संवेदनशील स्थानीय परिवेशलाई ध्यानमा राखिनेछ ।
- **जवाफदेहिता र उत्तरदायी हुने :** बालबालिकाको ख्याल राख्ने हाम्रो दायित्व पूरा गर्न र बालबालिका जोखिममा छन् वा हानि पुरयाइएका छन् भन्ने हामीलाई लागेमा त्यसको लागि आवश्यक कारवाही थालिने कुरामा पूर्ण जवाफदेही र उत्तरदायी बहन गरिनेछ ।
- **तालिम तथा सहयोग प्रदान** : ब्रिटिश काउन्सिलसँग कार्यरत सबै व्यक्तिहरुलाई बाल सुरक्षा जोखिम तथा घटनाहरुको पहिचान, रोकथाम र प्रतिकार्य गर्न सक्षम बनाउन तालिम तथा सहयोग प्रदान गरिनेछ ।
- **कार्यमा इमान्दारिता र पारदर्शिता :** बालबालिकालगायत अन्य व्यक्तिहरु, जोसँग हामी कार्य गर्दछौं, उनीहरुलाई हाम्रो बाल संरक्षण नीतिबारे र बालबालिकाको सुरक्षाका लागि हामी कसरी कार्य गर्छौ भन्ने जानकारी गराउनेछौं ।
- **गोपनीयताको सुनिश्चितता :** संवेदनशील व्यक्तिगत जानकारी एवं तथ्यांकको रक्षा गरिनेछ । 'जान्न आवश्यक छ' भन्ने आधारमा मात्र सूचना आदानप्रदान र नियन्त्रण गरिनेछ । आधिकारिक प्रयोजनका लागि आधिकारिक व्यक्तिको मात्र सुचनामा पहुँच हुनेछ ।
- **बालबालिकाको संरक्षणका लागि अन्यसँग सहकार्य गर्ने** : बालबालिकाको संरक्षणका लागि ब्रिटिश काउन्सिलका कार्यालयभर र अन्य संस्थाहरुसँग मिलेर कार्य गरिनेछ । यसका लागि आवश्यकताअनुसार कानुन लागू गर्ने निकाय, प्रहरी र बाल कल्याण वा बालबालिकाको हितसँग सम्बन्धित निकायहरुसँग सहकार्य गरिनेछ ।
- **कार्यान्वयनको अनुगमन :** यस बाल संरक्षण नीति कार्यान्वयनको नियमित अनुगमन गरिनेछ । यस बाल संरक्षण नीतिलाई हरेक तीन वर्षमा पुनरावलोकन गरिनेछ ।

**१.५ यस बाल संरक्षण नीतिको लक्षित वर्ग को हुन् ?**

यस बाल संरक्षण नीति आन्तरिक र बाह्य दुवैरुपमा लागू हुने दस्तावेज हो ।

**यो नीति ब्रिटिश काउन्सिलको विश्वभरका कर्मचारीका लागि अनिवार्य छ ।** यसले हामीले लगानी गर्ने साझेदार, ठेकेदार र आफूर्तिकर्तालाईसमेत समेट्छ र उनीहरुले ब्रिटिश काउन्सिलसँग कार्य गर्दा एक कार्यशर्तको रुपमा यस नीतिको पालना गर्न सहमत हुने अपेक्षा गरिन्छ । जहाँ हामी प्रमुख साझेदार हुँदैनौ (अर्थात जहाँ हामी लगानी गर्दैनौ) त्यस्तो अवस्थामा हामीबाट अन्य साझेदारहरुलाई ब्रिटिश काउन्सिलको बाल संरक्षण नीतिको अवलम्बन गर्न वा उनीहरुको आफ्नै नीतिको विकास गर्न प्रेरित एवं पैरवी गर्ने अपेक्षा गरिन्छ ।

हामीले मिलेर कार्य गर्ने व्यक्ति (जस्तै बालबालिका, उनीहरुका आमाबाबु वा अभिभावक), समुदाय र सरकारका विभाग तथा मन्त्रालय, नागरिक समाज एवं गैरसरकारी संस्थालगायतका अन्य सरोकारवालाका लागि पनि यस नीति सान्दर्भिक छ। यसो भन्नुको अर्थ बालबालिकालाई हानिबाट सुरक्षा गर्न हाम्रो संस्थागत प्रतिबद्धता रहेको कुरा स्पष्ट पार्नु हो ।

**१.६ हाम्रो उत्तरदायित्व के के हुन् ?**

ब्रिटिश काउन्सिल बेलायतमा स्थापना भएर विभिन्न मुलुकमा कार्य गर्दै आएको संस्था हो । हामी कार्यरत मुलुकको स्थानीय कानुनको अतिरिक्त बालबालिकाको संरक्षणका सम्बन्धमा बेलायती कानुन[५] अन्तर्गत ब्रिटिश काउन्सिलको आफ्नै खास कानुनी तथा नियमन दायित्व छ र त्यसैअनुरुप हाम्रो साझेदार, ठेकदार र आपूर्तिकर्ताबाट हामी अपेक्षा गर्दछौं ।

**व्यक्तिगत भूमिका जे जस्तो भएपनि बालबालिकाको हितको रक्षा एवं प्रवर्द्धनका लागि र यस नीतिको कार्यान्वयनमा सहयोगका लागि सबैको साझा दायित्व रहेको हुन्छ ।** यसको अतिरिक्त प्रबन्धकहरु र थप जिम्मेवारी बहन गर्ने पदमा बसेका व्यक्तिहरु र केही खास पदमा बसेका व्यक्तिहरुमा यस नीतिमा उल्लेख भएबमोजिम बालबालिकाको संरक्षणका लागि विशेष जिम्मेवारी रहेको हुन्छ ।

व्यक्तिगत भूमिका वा कार्य जेभए पनि ब्रिटिश काउन्सिलको लागि जुनसुकै हैसियतमा रहेर काम गर्ने सबैमा देहायका दायित्व रहन्छन् :

- ब्रिटिश काउन्सिलसँग परिचित कुनै पनि बालबालिका सामेल गरिएका वा भएका कुनै पनि वास्तविक वा शंकास्पद दुर्व्यवहार वा शोषणका अवस्थासँग सम्बन्धित आरोप वा गुनासो सञ्चार वा खबर गर्ने,
- ब्रिटिश काउन्सिलसँग परिचित नभएपनि (उदाहरणको लागि ब्रिटिश काउन्सिलको शिक्षण केन्द्रमा पढ्ने बालबालिकाको दाजुभाइ वा दिदीबहिनी) कुनै बालबालिका सामेल गरिएका वा भएका कुनै पनि वास्तविक वा शंकास्पद दुर्व्यवहार वा शोषणका अवस्थासँग सम्बन्धित आरोप वा गुनासो सञ्चार वा खबर गर्ने,
- बालबालिकाप्रति कुनै कर्मचारीको वास्तविक वा शंकास्पद दुर्व्यवहार वा आपराधिक गतिविधिबारेको आरोप वा गुनासो सञ्चार वा खबर गर्ने ।

---

५बेलायत राष्ट्रसंघीय बालअधिकार महासन्धि, १९८९को हस्ताक्षर पक्ष भएकोले यस महत्वपूर्ण कानुनी दस्तावेजले पनि हाम्रो नीतिगत अभ्यासलाई सुसूचित गरेको छ ।

सन् २०१४ मा च्यारिटी कमिसनले गम्भीर प्रकृतिको बाल संरक्षणका घटनाबारे खबर वा सूचित गर्नुपर्ने कुरालाई कानुनी आवश्यकता बनायो र सूचित नगरे कानुनी कारवाही हुने पनि उल्लेख गरयो । कुनै पनि गुनासो वा आरोप कसरी सूचित वा खबर गर्ने भन्ने कुरा यस नीतिको भाग ४ उल्लेख गरिएको छ । थप जानकारी ब्रिटिश काउन्सिलको बाल संरक्षण प्रतिकार्य योजनामा पनि पाउन सकिन्छ ।

## १.७ नीतिको व्यवहारिक अभ्यास

कुनै पनि संस्थाले आफ्नो बाल संरक्षण नीति कसरी कार्यान्वयन गर्छ भन्ने कुरा बाल संरक्षण कार्यविधिले बताउँछ । हाम्रो बाल संरक्षण कार्यविधिको बिस्तृत जानकारी (उदाहरणको लागि घटना व्यवस्थापन, प्रकटीकरणप्रतिको व्यवहार, सुरक्षित भर्ना आदि) बाल संरक्षण इन्ट्रानेटमा पाउन सकिन्छ वा कर्पोरेट बाल संरक्षण टीमसँग सम्पर्क गरेर लिन सकिन्छ (इमेल : childprotection@britishcouncil.og)

## १.८ ब्रिटिश काउन्सिलका अन्य नीति तथा प्रक्रियासँगको सम्बन्ध

ब्रिटिश काउन्सिलबाट पहिल्यै विकास भएका अन्य धेरै नीति तथा कार्यविधिहरु छन् जुन बालबालिकाको सुरक्षाका लागि हामीले गर्ने कार्यसँग सान्दर्भिक छ – उदाहरणको लागि, आचार संहिता, स्वास्थ्य तथा सुरक्षा, समानता, विविधता एवं समावेशी, शिक्षण गुणस्तर मापदण्ड, इ-सेफ्टी तथा डाटा सुरक्षा । यी विभिन्न मापदण्ड तथा कार्यविधिहरुले बाल संरक्षणको सवालमा लिएका लक्ष्यहरुलाई वर्तमान नीतिले पूरकको रुपमा कार्य गर्दै थप बल प्रदान गर्नेछ ।

विद्यमान विभिन्न नीतिहरुमा एकरुपता ल्याउन धेरै कार्य गरिएको छ, तथापि कुनै बेमेल पाइएमा वा कुनै खास नीति कसरी लागू गर्ने भन्ने सम्बन्धमा कुनै दुविधा भएमा कर्पोरेट बाल संरक्षण टीमको मार्गदर्शन लिनुपर्छ जसले बालबालिकाको सम्बन्धमा सही निर्णय लिन राष्ट्रस्तरका कार्यालयहरु र रणनीतिक विजनेस युनिटहरुलाई सहयोग गर्न सक्नेछन् ।

## १.९ उजुरी वा गुनासो

यस नीतिमा उजुरी वा गुनासो र आरोपबीचको फरक बुझ्नु जरुरी हुन्छ किनकि यी दुईको सम्बन्धमा हाम्रो प्रतिकार्य फरक हुनेछन् । संयन्त्र वा सेवाबारेको असन्तुष्टि वा चिन्ताको मौखिक वा लिखित अभिव्यक्ति **उजुरी वा गुनासो** हो । **अभियोग/आरोप** गलत कार्यको मौखिक वा लिखित घोषणा हो वा दुर्व्यवहार वा आपराधिक व्यवहारको दाबीसहितको खुलासा हो तर त्यसको वैधता भने स्थापित भइसकेको हुँदैन । यस खण्डले ब्रिटिश काउन्सिलद्वारा बाल संरक्षण नीतिको कार्यान्वयनबारेको गुनासो वा उजुरी सम्बन्धमा प्रकाश पार्छ ।

यस नीति कार्यान्वयन गर्दा ब्रिटिश काउन्सिलद्वारा गरिएको व्यवहारका सम्बन्धमा बालबालिका, उनीहरुको आमाबाबु वा साझेदार वा अन्य जुनसुकै व्यक्तिले आफ्नो असन्तुष्टि वा चिन्ता व्यक्त गर्न उजुरी वा गुनासो दर्ता गर्न चाहन्छन् भने उनीहरुले सर्वप्रथम ब्रिटिश काउन्सिलको सम्पर्क व्यक्तिसँग कुरा गर्नुपर्छ । त्यसपछि सोसम्बन्धमा अपनाउनुपर्ने आवश्यक कारवाहीको लागि उक्त सम्पर्क व्यक्ति अघि बढ्न सक्छ । गुनासो अभिव्यक्ति गर्नको लागि बाल संरक्षण सम्पर्क व्यक्ति वा कर्पोरेट बाल संरक्षण टीमसँग पनि सम्पर्क गर्न सकिन्छ ।

ब्रिटिश काउन्सिलका कर्मचारीको हकमा अनुचित व्यवहारबारेको गुनासो गर्नेसम्बन्धमा गुनासो कार्यविधि मानव संसाधन नीतिमा नै उल्लेख गरिएको छ ।

ब्रिटिश काउन्सिलमा सतर्क गराउने सम्बन्धमा 'बोल' नीति छ जसमा कर्मचारीहरुले कसरी गुनासो उठान गर्न सक्छन् र उनीहरुको सहयोगका लागि अपनाउन सकिने के कस्ता सुरक्षाका उपाय छन् भन्नेबारे विस्तृत उल्लेख छ ।

## २. बाल संरक्षण सवालबारेको बुझाइ

हाम्रो यस बाल संरक्षण नीति लागू र कार्यान्वयन गर्ने सम्बन्धमा एकरुपता र सहमति कायम गराउन बाल संरक्षण र यसबारेको साझा बुझाइ हुनु महत्वपूर्ण हुन्छ ।

### २.१ बालबालिकाहरुलाई हामी केबाट संरक्षण गर्दैछौं ?

यस नीतिको सन्दर्भमा कुरा गर्दा बाल सरक्षणको अर्थ दुर्घटनाहरुको रोकथाम होइन (यसलाई हाम्रो स्वास्थ्य तथा सुरक्षा नीतिले समेटेको छ) वा बालअधिकारको (राष्ट्रसंघीय बालअधिकार महासन्धिमा परिभाषित भएअनुरुप) पूर्ण रुपमा कार्यान्वयन गरिनेछ भन्ने कुराको सुनिश्चित गर्नु पनि होइन । यहाँ त हामीले खासगरी बालबालिकालाई दुर्व्यवहार वा शोषणबाट संरक्षण गर्ने कुरा गर्दैछौं ।

विश्व स्वास्थ्य संगठनले आमरुपमा प्रयोग गरेको परिभाषालाई ब्रिटिश काउन्सिलले प्रयोग गर्दछ[६] :

**'बाल शोषण वा दुर्व्यवहारमा सबै प्रकारका शारीरिक र/वा मानसिक दुर्व्यवहार, यौन शोषण, उपेक्षा वा उपेक्षित व्यवहार वा व्यापारिक वा अन्यप्रकारका शोषण पर्दछन्, जसले जिम्मेवारी, विश्वास वा शक्तिको आड वा परिवेशमा कुनै पनि बालबालिकाको स्वास्थ्य, बाँच्ने कुरा, विकास वा आत्मसम्मानमा वास्तविक वा सम्भावित हानि निम्त्याउँछ ।'**

### २.२ बाल दुर्व्यवहारका सामान्य परिभाषा

यस बाल संरक्षण नीतिअन्तर्गत बाल दुर्व्यवहारका चार प्रमुख वर्ग पहिचान गरिएका छन् :

**शारीरिक दुर्व्यवहार :** यसमा पिट्ने, जोडले झक्झकाउने, धकेल्ने, जलाउने वा पोल्ने, डुबाउने, निसासिने बनाउने वा अन्य त्यस्तै प्रकारका कार्यहरु पर्न सक्छन् जसले कुनै पनि बालबालिकामा शारीरिक हानि वा चोटपटक पुऱ्याउँछ । शारीरिक हानिमा बाबुआमा वा हेरचाहगर्ने व्यक्तिले बालबालिकामा पर्याप्त ध्यान नदिएर वा जानाजान बालबालिकाको स्वास्थ्यमा नकरात्मक असर पुऱ्याउने कार्य पनि पर्दछन् ।

**भावनात्मक दुर्व्यवहार :** यो बालबालिकामाथि हुने निरन्तरको भावनात्मक दुर्व्यवहार हो जसले उक्त बालबालिकाको संवेगात्मक तथा मानोवैज्ञानिक विकासमा गम्भीर र दीर्घकालीन असर गर्छ । यसमा बच्चालाई उनीहरु काम नलाग्ने वा माया दर्शाउने नभएको, कुनै कुरामा पूर्ण नभएका वा अर्को व्यक्तिको आवश्यकता पूरा गर्ने हदसम्म मात्र कामलाग्ने छन् भनेर बालबालिकालाई चित्त दुख्ने वा भावनात्मक असर पुऱ्याउने जस्ता कुराहरु पर्दछन् । यसमा बालबालिकाको उमेर वा विकासअनुरुप भन्दा धेरै अनुचित अपेक्षाहरु लाद्नु वा बालबालिकाहरुलाई निरन्तर हेप्नु वा भय/त्रास उत्पन्न गराउनु, वा खतरा महसुस गराउनु पनि पर्दछन् । भावनात्मक दुर्व्यवहारका केही स्तर एकल रुपमा देखा परे पनि उक्त एउटै घटनाबाट कुनै बालबालिकामाथि सबै प्रकारका दुर्व्यवहार भइरहेको हुनसक्छ ।

---

६थप जानकारीका लागि www.worldhealthorganization.org हेर्नुहोस् ।

**वेवास्ता वा उपेक्षा :** यसले आमाबाबुसँग आवश्यकता पूरा गर्नसक्ने पर्याप्त स्रोतसाधन हुँदाहुँदै पनि बालबालिकाको आधारभूत वा मनोवैज्ञानिक आवश्यकता पूरा गर्न निरन्तर असफल हुनु वा उपेक्षा गर्नुलाई जनाउँछ जसले उक्त बच्चाको विकासमा गम्भीर क्षति पुग्नसक्छ । उदाहरणको लागि अर्पाप्त रेखदेखले कुनै बच्चालाई खतरनाक अवस्थामा छोड्छ जहाँ उनीहरुलाई हानि वा चोट पुग्न सक्छ (यस्तो हानि रोक्न वा हुन नदिन सकिने अवस्थामा मात्र) । उपेक्षाको पहिचान गर्न गाह्रो हुन्छ, खासगरी ती मुलुकहरुमा, जहाँ थोरै स्रोतसाधन हुन्छन्, उच्च गरिबी र अभाव रहेको हुन्छ ।

**यौन दुर्व्यवहार** : यसमा कुनै पनि बालबालिकालाई उसको सहमति वा असहमतिमा, जानाजान वा अन्जानमा, जबरजस्ती वा ललाइफकाइ यौनजन्य क्रियाकलापमा भाग लिन लगाउने जस्ता कार्य पर्दछन् । यस्ता क्रियाकलापमा जुनसुकै प्रकारको शारीरिक सम्पर्क हुनसक्छन् अर्थात छेदक (जस्तै, बलात्कार) वा गैर छेदक (जस्तै, बाह्य घर्षण) क्रियाकलाप हुनसक्छन् । यसमा बालबालिकालाई यौनजन्य वा अश्लील सामग्री देखाउने, बालिबालिकाको फोहोरी चित्र बनाउने वा बालबालिकालाई अनुचित यौन आशय झल्कने व्यवहार गर्न प्रोत्साहन गर्नेजस्ता नछोइकन गरिने क्रियाकलाप पनि पर्न सक्छन् ।

आमरुपमा पहिचान गरिएका अन्य प्रकारका दुर्व्यवहार (जस्तै व्यापारिक यौन दुर्व्यवहार र बाल बेचबिखन) माथिका चार वर्गको सम्मिश्रण हुने जटिल प्रकारको स्वरुप हो । हेपाइ वा त्रसित पार्ने कार्य पनि एकप्रकारको दुर्व्यवहार वा शोषणमा पर्दछ, तर यसको निर्धारण यो कति हदसम्म कठोर छ भन्ने कुरामा निर्भर पर्दछ । यद्यपि हामी वयस्क व्यक्तिहरुलाई सामान्यतः शोषण गर्ने व्यक्तिको रुपमा लिन्छौं, तर बालबालिका पनि शोषण गर्ने वर्गमा हुनसक्छन् ।

दुर्व्यवहार एकल, एकपटकको घटना वा निरन्तर हुनसक्छ, हेर्दाखेरि कम गम्भीर घटनाजस्तो देखिने धेरै घटनाहरुको योग पनि हुनसक्छ । यस्ता घटना परिवार, विद्यालय, समुदाय, संस्था वा अनलाइन (डिजिटल वा स्मार्टफोनजस्ता आधुनिक प्रविधि) सबै ठाउँमा हुनसक्छन्[७] । अनलाइन दुर्व्यवहार यौन उत्पीडन र बाल दुर्व्यवहारका चित्रहरुलगायतका धेरै स्वरुपमा देखा पर्न सक्छ ।

**खास घटना वा मुद्दाहरुको विचार गर्दा, के कस्ता कुराहरु दुर्व्यवहार हुन्छन् भन्ने सम्बन्धका सबै निर्णयहरु कर्पोरेट बाल संरक्षण टीमसँगको परामर्शमा गर्नुपर्छ ।**

## २.३ सांस्कृतिक संवेदनशीलता

ब्रिटिश काउन्सिलले जुनसुकै क्षेत्रमा कार्य गर्दा त्यस क्षेत्रको सांस्कृतिप्रति संवेदनशील भएर एवं त्यहाँका विविध प्रकृतिका मानिस र परिवेशको सम्मान गर्दै कार्य गर्ने लक्ष्य राखेको हुन्छ । बालबालिकाको रेखदेख र संरक्षण गर्ने फरक-फरक तरिका हुन्छन् भन्ने हामी स्वीकार गर्छौं र सांस्कृतिकरुपमा संवेदनशील एवं खास परिवेशमा उपयुक्त हुने तरिकाले हामी बालबालिकाको सुरक्षा गर्न खोज्नेछौं ।

तथापि विश्वमा हरेका बालबालिकाको महत्व हुन्छ  र संस्कृतिलाई बालबालिकाप्रति दुर्व्यवहार/शोषण गर्ने कारण वा बहाना कहिल्यै बनाउनु हुँदैन भन्ने कुरामा हामी विश्वास गर्छौं ।

यो पनि स्वीकार गरिन्छ कि ब्रिटिश काउन्सिल बेलायतमा स्थापना भएको संस्था भएकोले बेलायतकै कानुनी ढाँचामा रहेर हामीले बालबालिकाको संरक्षण गर्नुपर्छ र जुन कुरा यस नीतिमा पनि उल्लेख गरिएको छ । तर सांस्कृतिक संवेदनशील भएर कार्य गर्नुपर्ने हुँदा सन्तुलन मिलाउने कठिन कार्य हुनसक्छ किनकि हानि **पुरयाउने** कुरा के के हुन भन्ने बुझाइ फरक-फरक हुनसक्छ ।

आवश्यक भए थप मार्गदर्शनको लागि कर्पोरेट बाल संरक्षण टीमसँग परामर्श गर्नुपर्नेछ ।

[७] राष्ट्रसंघीय बालबालिका विरुद्धको हिंसा अध्ययन २००५ मा उल्लेख - www.unviolencestudy.org

## ३. निरोधात्मक कार्य

बाल संरक्षणमा मुख्य कुरा भनेकै बाल दुर्व्यवहारको रोकथाम हो । संस्थागत सचेतना र असल अभ्यासले कर्मचारीमा सकरात्मक कार्यको प्रवर्द्धन गर्छ, अपराध वा गलत कार्यको सम्भावनालाई रोक्छ र बाल संरक्षणका समस्यालाई अगावै पहिचान गर्न र प्रतिकार्य गर्न सक्षम बनाउँछ भन्ने कुरा व्यापकरुपमा स्वीकार गरिएको छ । कार्यक्रम तथा परियोजनाहरुको कमजोर डिजाइन, विकास र प्रवाहले बालबालिकामा नकरात्मक प्रभाव पार्न सक्छ, जो शोषणमा नपर्न सक्छन् तर अझैपनि हाम्रो क्रियाकलापको कारणले उनीहरुलाई हानि पुग्नसक्छ ।

### ३.१ दुर्व्यवहार परिस्थितिको रोकथाम पद्धति तथा कार्यविधि

### ३.११ कर्पोरेट बाल संरक्षण टीम

बेलायत र क्षेत्रीय रुपमा रहेका कर्पोरेट बाल संरक्षण टीम विज्ञ टीम हो । राष्ट्रस्तरका कार्यालयहरु र रणनीतिक विजनेस युनिटलाई हाम्रो बाल संरक्षण नीतिको कार्यान्वयनका लागि योगदान तथा सहयोग गर्न र बाल संरक्षण आरोप वा गुनासोमा मार्गदर्शन गर्न यसको स्थापना भएको हो ।

यस टीमका सदस्यहरुको सम्पर्क विवरण बाल संरक्षण इन्ट्रानेटमा पाउन सकिन्छ । यस टीमलाई इमेल मार्फत childprotection@britishcouncil.org मा पनि सम्पर्क गर्न सकिन्छ ।

### ३.१.२ बाल संरक्षण सम्पर्क व्यक्ति

यस बाल संरक्षण नीतिको कार्यान्वयनमा सघाउ पुऱ्याउन सबै राष्ट्रका कन्ट्री डाइरेक्टरहरु र कर्पोरेट तहका रणनीतिक विजनेस युनिटका डाइरेक्टरहरुले तालिमप्राप्त बाल संरक्षण सम्पर्क व्यक्तिको रुपमा कार्य गर्नेगरी कसैलाई नियुक्त एवं सहयोग गर्नुपर्छ । यस भूमिकामा रहेर कार्य गर्ने व्यक्तिका लागि कार्य विवरण तथा गर्नुपर्ने सेवाप्रवाह विवरण उपलब्ध छ ।

ब्रिटिश काउन्सिलको कार्यसंचालन भएका सबै मुलुकमा त्यहाँको कार्यसंचालन बालबालिकाको लागि सेवा, कार्यक्रम, परियोजना र गतिविधिको प्रावधानसँग सम्बन्धित नभएपनि एकजना बाल संरक्षण सम्पर्क व्यक्ति नियुक्त गरिनुपर्छ । सम्पर्क व्यक्तिको भूमिका ग्रहण गर्दा क्षेत्रीय बाल संरक्षण प्रबन्धकसँगको परामर्शमा गरिनुपर्छ ।

बाल संरक्षण सम्पर्क व्यक्ति परिवर्तन भएको अवस्थामा नयाँ सम्पर्क व्यक्तिको नाम लिखित रुपमा कर्पोरेट बाल संरक्षण टीमसँग सञ्चार गर्ने दायित्व कन्ट्री डाइरेक्टर/रणनीतिक विजनेस युनिट नेतृत्वमा रहन्छ ।

कन्ट्री बाल संरक्षण सम्पर्क व्यक्तिलाई सहयोग गर्ने प्राथमिक दायित्व सम्बन्धित क्षेत्रीय बाल संरक्षण प्रबन्धकमा रहन्छ । बेलायतमा रहेको कर्पोरेट तहको रणनीतिक विजनेस युनिटभित्रको बाल संरक्षण सम्पर्क व्यक्तिको हकमा सहयोग गर्ने दायित्व बेलायतमा रहेको सम्बन्धित बाल संरक्षण प्रबन्धकमा रहन्छ ।

धेरैजसो मुलुकमा एकमात्र बाल संरक्षण सम्पर्क व्यक्ति पर्याप्त हुनेछ, तर उनको अनुपस्थितमा कार्य गर्न सहायक सम्पर्क व्यक्ति भने उपलब्ध हुनुपर्छ । वृहत भौगोलिक क्षेत्र भएका ठूला मुलुकहरुमा वा वृहत कार्यसञ्चालन क्षेत्र जहाँ विभिन्न कार्य इकाइहरु (जस्तैः शिक्षण, परीक्षा, र कार्यक्रम) धेरै बालबालिकासँग

कार्य गर्छन्, उक्त प्रत्येक कार्य क्षेत्र इकाइमा सहायक सम्पर्क व्यक्तिहरु आवश्यक पर्नसक्छ जसको नेतृत्व र संयोजन कन्ट्री बाल संरक्षण सम्पर्क व्यक्तिले गर्नेछ ।

सबै राष्ट्र कार्यालयहरु र कर्पोरेटस्तरका रणनीतिक विजनेश युनिटहरुले सबै तहमा यस नीतिको कार्यान्वयनसम्बन्धमा प्रभावकारी सञ्चार र सम्पर्कमा सहजीकरण गर्न विभिन्न विभागका प्रतिनिधिहरुसँग मिलेर एक राष्ट्रिय/रणनीतिक विजनेस युनिट कार्य समूह स्थापना गर्नुपर्नेछ ।

### ३.१.३ बाल संरक्षण रणनीतिक नेतृत्व

प्रत्येक क्षेत्रीय कार्यालय र रणनीतिक विजनेस युनिटले त्यहाँको बरिष्ठ कर्मचारीलाई बाल संरक्षण रणनीतिक नेतृत्वको हैसियतमा रहेर कार्य गर्न पनि नियुक्त गर्नुपर्छ । बाल संरक्षण रणनीतिक नेतृत्वको भूमिका बाल संरक्षण च्याम्पियनको रुपमा कार्य गर्दै पैरवी गर्नुपर्ने र सम्बन्धित बाल संरक्षण प्रबन्धक/क्षेत्रीय बाल संरक्षण प्रबन्धक र कर्पोरेट बाल संरक्षण टीमलाई उनीहरुको प्रयासमा, खासगरी यस बाल संरक्षण नीतिको कार्यान्वयनका प्रयासमा सहयोग गर्नु हो ।

बाल संरक्षण रणनीतिक नेतृत्वको नियुक्ति गर्ने दायित्व क्षेत्रीय डाइरेक्टरहरु र रणनीतिक विजनेस युनिटका डाइरेक्टरहरुमा रहन्छ ।

### ३.१.४ बाल सुरक्षा कार्ययोजना

कर्पोरेट बाल संरक्षण टीमले अनुरोध गरेअनुरुप सबै मुलुकहरु र कर्पोरेट तहको रणनीतिक विजनेस युनिटहरुले बार्षिकरुपमा एक बार्षिक योजना तयार गर्नुपर्छ जसमा दुर्व्यवहार रोकथामका पर्याप्त उपायहरु तयारी अवस्थामा रहेका र बालबालिकाहरु सुरक्षित छन् भन्ने कुराको सुनिश्चि गर्न चाल्नुपर्ने कदमहरु उल्लेख गरिएको गरिएको हुनुपर्छ । उक्त योजनामा वार्षिक बाल संरक्षण स्व-संपरीक्षणले पहिचान गरेको बाल संरक्षण नीतिको कार्यान्वयनका लागि आवश्यक कुनै कार्यहरु भए सोको पनि उल्लेख हुनुपर्छ ।

बाल संरक्षण कार्ययोजनालाई कर्पोरेट बाल संरक्षण टीमले सहमति दिएको हुनुपर्छ र सम्बन्धित कन्ट्री डाइरेक्टर वा रणनीतिक विजनेस युनिट नेतृत्वले हस्ताक्षर गरेको हुनुपर्छ ।

### ३.१.५ बालबालिका सामेल कार्यक्रम तथा यात्राका लागि बाल संरक्षण जोखिम मूल्यांकन

बालबालिकाहरुको लागि कुनै पनि बाह्य (अर्थात ब्रिटिश काउन्सिलको हाताबाहिर) गतिविधि वा कार्यक्रमहरु सञ्चालन गर्नुपूर्व (परीक्षा समेत) जोखिम मूल्यांकन अनिवार्य रुपमा गर्नुपर्छ र पहिचान भएका कुनैपनि जोखिमको अल्पीकरण गर्ने उपायहरु तयारी राख्नुपर्छ । यस्ता जोखिम मूल्यांकन प्रतियोगिता र पुरस्कार वितरणजस्ता एकपटक हुने कार्यक्रमका लागि पनि गर्नुपर्छ जसले बालबालिकाहरुको लागि त्यस्ता कार्यक्रमहरु सुरक्षित रहेको सुनिश्चित गर्दछ ।

बाबुआमा तथा बालबालिकाको सहमति फारमहरु, स्वास्थ्यसम्बन्धी विवरण र आपतकालीन सम्पर्क विवरण जस्ता अत्यावश्यकीय जानकारीहरु पनि संकलन गर्नुपर्छ र कार्यक्रम अवधिभर उपलब्ध हुने हुनुपर्छ किनकि कुनै दुर्घटना भइहालेको अवस्थामा यसको आवश्यक पर्दछ ।

### ३.१.६ करार तथा साझेदारी सम्झौताहरु

जुनसुकै प्रकृति वा प्रकारको सहमति भएतापनि सबै प्रकारका करार वा ठेक्काका सम्झौतामा ब्रिटिश काउन्सिलको बाल संरक्षण नीतिलाई खास सन्दर्भको रुपमा उल्लेख हुनुपर्छ र त्यसको अधीनमा रहेर कार्य गर्ने सम्झौता गरिनुपर्छ ।

आफ्नै बाल संरक्षण नीति भएका संस्थाहरुले ब्रिटिश काउन्सिलको बाल संरक्षण नीतिको सट्टा आफ्नै नीति लागू गर्न सक्छन् तर त्यसप्रकारको कुनै व्यवस्था गर्दा कर्पोरेट बाल संरक्षण टीमको सहमति अनिवार्य लिनुपर्छ ।

आवश्यकताअनुसार थप मार्गदर्शनको लागि कर्पोरेट बाल संरक्षण टीमसँग परामर्श गरिनुपर्छ ।

### ३.१.७ विद्यमान व्यवसायिक अभ्यासमा बाल संरक्षण एकीकरण

समग्र विद्यमान व्यवसायिक प्रक्रियाहरु र पद्धतिहरुमा बाल दुर्व्यवहार रोकथामको प्रवर्द्धन र मूलप्रवाहीकरण गर्न बाल संरक्षणका कुरालाई अनिवार्य एकीकृत र सक्रियताका साथ व्यवस्थित गरिनुपर्छ । विद्यमान व्यवसायिक अभ्यासहरुमा बाल संरक्षणका कुरालाई समावेश तथा एकीकरण गरिएका केही उदाहरणहरुमा शिक्षण गुणस्तर मापदण्ड, परीक्षा गुणस्तर अनुपालन तथा प्रतिबद्धता, पूर्वउमेर र विद्युतीय सुरक्षा (इ-सेफ्टी) आदि रहेका छन् ।

### ३.१.८ उत्पादन तथा सेवाहरुको डिजाइन तथा प्रवाह

प्रस्तावको विकास र योजना निर्माणका चरणहरुको प्रारम्भिक अवस्था वा समयबाटै बाल सुरक्षाबारे विचार गरिनुपर्छ । कठिन एवं चुनौतीपूर्ण स्थानमा (जस्तै द्वन्द्वरत क्षेत्र) बालबालिकाहरुसँग कार्य गर्दा सुरक्षाको लागि विशेष ध्यान दिइनुपर्छ । संकटासन्न अवस्थाका बालबालिका (सानो उमेर भएका वा अशक्तता भएका) रहेका क्षेत्रमा कार्य गर्दा पनि सुरक्षाका लागि विशेष विचार गरिनुपर्छ ताकि सबै जोखिमहरु पर्याप्त रुपमा ध्यान दिइएको र सम्बोधन गरिएको सुनिश्चितता गर्न सकियोस् ।

अनुरोध गरिएको अवस्थामा यस्ता प्रक्रियाका समयमा कर्पोरेट बाल संरक्षण टीमले विशेष मार्गदर्शन र सहयोग प्रदान गर्नेछ ।

### ३.१.९ बालबालिकाको चित्र तथा तस्वीरको प्रयोग

ब्रिटिश काउन्सिलमा विद्युतीय सुरक्षा (इ-सेफ्टी) कार्यविधि रहेको छ जसले बालबालिकाको चित्र वा तस्वीर प्रयोगमा मार्गदर्शन गर्छ र जसलाई सबै परिस्थितिमा लागू गरिनुपर्छ । यस मार्गदर्शन ती सबै व्यक्तिहरुमा लागू हुन्छ जसको चित्रहरुमा पहुँच छ वा जो फोटोग्राफी उपकरणहरुको प्रयोगकर्ता रहेका हुन्छन् । यसमा बालबालिका, बाबुआमा तथा रेखदेख गर्ने व्यक्ति, कर्मचारी, आगन्तुक, आपूर्तिकर्ता, ठेकेदार, करार सेवा प्रदान गर्नेहरु र सामुदायिक प्रयोगकर्ता सबै पर्न आउँछन् ।

### ३.१.१० प्रविधि प्रयोग

बालबालिकासँग अनलाइन कार्य गर्दा वा अनलाइनका माध्यमबाट संलग्न हुँदा ब्रिटिश काउन्सिलको अपेक्षाहरु उल्लेख गरिएको विद्युतीय सुरक्षा (इ-सेफ्टी) कार्यविधि र मार्गनिर्देश विकास गरिएको छ ।

विद्युतीय सुरक्षाले इन्टरनेट प्रविधिलाई मात्र जनाउँदैन, यसले मोबाइल फोन, अनुहार तथा शरीरको रुपरेखा बदल्ने खेल, र ताररहित प्रविधिबाट गरिने सञ्चारमा पनि लागु हुने कुरालाई जनाउँछ ।

उक्त विद्युतीय सुरक्षा कार्यविधिले सूचना प्रविधिको प्रयोगको फाइदा, जोखिम र पालना गर्नुपर्ने उत्तरदायित्वमा जोड दिन्छ । कार्यविधिले सूचना प्रविधि प्रयोगको फाइदा, जोखिम र उत्तरदायित्वबारे बालबालिका एवं कर्मचारीलाई शिक्षा दिनुपर्ने र आवश्यकता अनुसार अविभावकलाई सहयोग प्रदान गर्ने कुरामा जोड दिन्छ ।

## ३.२ बालिबालिकासँग कार्य गर्न उपयुक्त कर्मचारी छनौटका लागि सुरक्षित भर्ना

कर्मचारी भर्ना प्रक्रियामा सुरक्षित भर्ना र भर्नापूर्वको परीक्षण कार्यले सम्भावित अपराधी वा गलत कार्य गर्ने व्यक्तिलाई हतोत्साहित गर्ने कुनै पनि संस्थाको पहिलो मौकाको रुपमा कार्य गर्नेछ ।

अनुपयुक्त व्यक्तिलाई बालबालिकासँग कार्य गर्नबाट रोक्न ब्रिटिश काउन्सिलले सबै उचित उपायहरु अपनाउनेछ । यस प्रकारका उपायहरु कर्मचारीले बालबालिकासँग प्रत्यक्ष कार्य गर्ने स्थानमा मात्र नभएर उनीहरु बालबालिकासम्म पुग्नसक्ने अन्य स्थानहरुका हकमा पनि लागू हुन्छ ।

कर्मचारी भर्ना गर्दा अपनाउनुपर्ने थप मार्गदर्शन र कार्यविधि मानव संसाधन र बाल संरक्षण भर्ना इन्ट्रानेट पेजमा पाउन सकिन्छ ।

## ३.३ कर्मचारी तथा अन्यलाई ज्ञान र सीपले सुसज्जित गर्न शिक्षा तथा तालिम

यस बाल संरक्षण नीतिलाई व्यवहारमा प्रभावकारी कार्यान्वयनको सुनिश्चित गर्न नियुक्तिपछि सबै कर्मचारी, साझेदार र ठेकेदारहरुलाई उनीहरुको भूमिका अनुरुप हुने गरी हाम्रो बाल संरक्षण नीतिमा अभिमुखीकरण तथा तालिम प्रदान गरिनेछ ।

१. सबै कर्मचारीहरुलाई बाल संरक्षणमा अनिवार्य अभिमुखीकरण गरिनुपर्छ किनकि सबै कर्मचारीहरु आफ्नो दायित्व, जिम्मेवारीका साथै संस्थागत नीति तथा अभ्यासमा सचेत हुन सकुन् । बाल संरक्षण अभिमुखीकरण तालिमले विश्वव्यापी रुपमा अनिवार्य गरिएको बाल संरक्षणका आधारभूत सचेतना विषयको इ-लर्निङ कोर्ष अध्ययन पुरा गराउनुपर्छ ।

२. पुनर्ताजगी तालिमको रुपमा कर्मचारीहरुले हरेक तीन वर्षमा उक्त आधारभूत सचेतना विषय दोहोर्‍याउनुपर्छ ।

३. सबै कर्मचारीहरुलाई सम्बन्धित राष्ट्रहरुमा र कर्पोरेट रणनीतिक विजनेस युनिट तहमा तयार गरिएका बाल सुरक्षा कार्य योजनाअनुरुप बाल संरक्षणमा आवधिक तालिम तथा जानकारी प्रदान गरिनुपर्छ ।

४. बाल संरक्षण सम्पर्क व्यक्तिहरुले उनीहरुको लागि विशेषरुपमा तयार गरिएको इ-लर्निङ कोर्ष अनिवार्यरुपमा पूरा गर्नुपर्नेछ । यसका अतिरिक्त यस नीतिअन्तर्गत बाल संरक्षण सम्पर्क व्यक्तिहरुको विस्तृत जिम्मेवारी स्वीकार गर्दै उनीहरुलाई कर्पोरेट बाल संरक्षण टीमको सहजीकरणमा वार्षिक प्रत्यक्ष तालिम र आवधिकरुपमा अन्य समसामयिक कुराहरुको अयोजना गरी सहभागिता गराइनुपर्छ ।

५. सबै प्रबन्धकहरु (ब्यान्ड ८, स्थानीय समकक्षी र सोभन्दा माथि) र बालबालिकासँग सम्बन्धित गतिविधि तथा परियोजनाका लागि जिम्मेवार अन्य कर्मचारीहरुले बाल सुरक्षित संस्थाको व्यवस्थापनका लागि विकास गरिएको इ-लर्निङ कोर्ष पुरा गर्नुपर्नेछ ।

६. जहाँ कर्मचारीहरुलाई अन्य रोजगारदाताले करारमा लिएका हुन्छन्, वा जब साभ्नेदार, ठेकेदार र आपूर्तिकर्तासँग कार्य गरिन्छ, त्यस्तो अवस्थामा ब्रिटिश काउन्सिलले उनीहरुलाई हाम्रो बाल संरक्षण नीतिमा संक्षिप्त जानकारी गराउनेछ र उनीहरुको संस्थाले बाल संरक्षणमा (जस्तै उनीहरुको आफ्नै बाल संरक्षण नीति) कसरी कार्य गर्छ भनेर जानकारी माग्नेछ ।

जहाँसम्म यस नीतिअनुरुप तालिम र शिक्षा प्रदान गरिने कुराको सुनिश्चित गर्ने ब्रिटिश काउन्सिलको जिम्मेवारी रहेको हुन्छ, कर्मचारीहरुको पनि त्यस्तो तालिममा पहुँच प्राप्त गर्ने र सहभागी हुने जिम्मेवारी रहेको हुन्छ ।

## ३.४ परामर्श तथा सहयोग

बाल संरक्षण र यस बाल संरक्षण नीतिको कार्यान्वयनसम्बन्धमा सबै कर्मचारीहरुलाई परामर्श तथा सहयोगमा पहुँच हुनेछ । उनीहरुले यस्तो पहुँच बाल संरक्षण सम्पर्क व्यक्ति र कार्पोरेट बाल संरक्षण टीम मार्फत पाउनेछन् । यदि तपाईं कुनै बालबालिकाबारे चिन्तित रहेको अवस्थामा के गर्ने भन्ने जस्ता खास सवालहरु र प्रविधिको सुरक्षित प्रयोग सम्बन्धमा थप मार्गदर्शन बाल संरक्षण इन्ट्रानेटमा उपलब्ध छ ।

यसका अतिरिक्त सम्बन्धित राष्ट्रमा रहेका कन्ट्री अफिसहरुले स्थानीय बाल संरक्षण तथा कानुन लागू गर्ने निकायको पहिचान गरी सम्बन्ध कायम गर्नुपर्छ जसले स्थानीय कानुनी, सांस्कृति तथा कार्यसञ्चालन परिवेशअनुरुप बाल संरक्षणमा खास जानकारी र मार्गदर्शन प्रदान गर्न सक्छन् ।[८]

यस बाल संरक्षण नीतिको कार्यान्वयन वा यसको व्यवहारिकता सम्बन्धमा कर्मचारीमा कुनै चासो वा समस्या भएमा उनीहरुले आफ्नो स्थानीय बाल संरक्षण सम्पर्क व्यक्ति वा कर्पोरेट बाल संरक्षण टीमलाई सम्पर्क गर्नुपर्छ ।

कर्पोरेट बाल संरक्षण इन्ट्रानेट साइटलाई परिचालन गर्ने र अद्यावधिक गर्ने कार्य कार्पोरेट बाल संरक्षण टीमले गर्नेछ । यसमा हाम्रो बाल संरक्षण नीतिको कार्यान्वयनमा सहयोगका लागि आवश्यक थप स्रोतसामग्री तथा मार्गदर्शनका विवरणहरु राखिएका छन् ।

## ३.५ सचेतना जगाउन सूचना तथा सञ्चार

सबै कर्मचारीहरुलाई यस बाल संरक्षण नीतिको एक-एक प्रति उपलब्ध गराइनेछ र उनीहरुको स्थानीय बाल संरक्षण सम्पर्क व्यक्तिको नाम र सम्पर्क विवरण पनि दिइनेछ ।

सबै साझेदार, आपूर्तिकर्ता तथा ठेकेदारहरुलाई हाम्रो बाल संरक्षण नीतिबारे सचेत गराइनुपर्छ र अनुरोध भएमा यसको प्रति उपलब्ध गराइनुपर्नेछ ।

[८] विभिन्न मुलुकमा रहेका कन्ट्री अफिसहरुलाई सहयोग गर्न कर्पोरेट बाल संरक्षण टीमले विश्वभरका कानुन लागू गर्ने निकाय तथा बाल कल्याण निकायहरुको जानकारी तयार गरेको छ । थप जानकारीको लागि बाल संरक्षण इन्ट्रानेट साइट हेर्नुहोस् ।

ब्रिटिश काउन्सिलका परियोजना र कार्यक्रममा सहभागी हुने सबै ग्राहक, बालबालिका र अभिभावकहरुलाई हाम्रो बाल संरक्षण नीति र यसका मुख्य प्रावधानहरुबारे अवगत गराइनेछ। यसमा कुनै गुनासो वा आरोप दर्ता गर्नुपरे कसलाई सम्पर्क गर्ने भन्ने परामर्श समेत रहनेछ र रहनुपर्छ।

बाल संरक्षण विश्वव्यापी नीति कथन र बाल संरक्षण नीतिको बाल मैत्री संस्करण स्थानीय परिवेशका लागि उपयुक्त हुनेगरी स्थानीय भाषामा अनुवाद गर्नुपर्नेछ।

## ४. आरोप तथा गुनासो व्यवस्थापन

यस नीति अन्तर्गत वास्तविक वा शंकास्पद दुर्व्यवहार र हानिको कुनै पनि परिस्थितिको संस्थाभित्र र बाहिर दुवैतिरबाट प्रतिकार्य गरिने कुराको सुनिश्चित गर्न ब्रिटिश काउन्सिलको रेखदेख गर्ने दायित्व रहेको छ। यो बालिकालिकाको सर्वोत्तम हितको प्रवर्द्धन गर्न, सोही प्रकारका परिस्थिति फेरि हुनबाट रोक्न, कुनै अपराध गरिएको भए सोको लागि कानुनी कारवाही हुने सुनिश्चित गर्नको लागि हो।

आरोपित पीडक तथा पीडितको परिचय जे भएपनि र उक्त परिस्थिति जस्तोसुकै अविश्वसनीय देखिएपनि सबै आरोप तथा गुनासोको विषयलाई गम्भीरतापूर्वक लिइनेछ।

**बाल शोषण वा दुर्व्यवहार भएको छ छैन भन्ने कुरा निर्धारण गर्ने दायित्व कर्मचारीको हैन। तथापि कुनै पनि चासो वा समस्याबारे अनिवार्य खबर गर्ने दायित्व सबै कर्मचारी कर्मचारीमा रहेको हुन्छ - चाहे ती कुरा अलिक अस्पष्ट र शंकामात्र होस् वा केही त ठीक छैन भनेर लागेको होस्।**

कुनै पनि कर्मचारीले वास्तविक वा शंकास्पद दुर्व्यवहारको सम्बन्धमा व्यक्तिगत गोप्यता भन्दै सूचना लुकाउनु हुँदैन वा लुकाउने कुरामा सहमत हुनसक्दैन।

ब्रिटिश काउन्सिले छानविन गर्ने आधिकारिक निकाय होइन। त्यसैले सम्बन्धित बाल कल्याण निकाय र कानुन लागू गर्ने निकायहरुमा उपयुक्त सिफारिस गरिनेछ। यदि सिफारिसले सम्बन्धित बालबालिकामा थप खतरा उत्पन्न नगर्ने भएमा ब्रिटिश काउन्सिलले सम्बन्धित बालबालिका र उनीहरुको आमाबाबु/अभिभावकबाट सिफारिस गर्नको लागि सहमति लिनेछ। तर उक्त बालबालिकामा खतरा उत्पन्न हुने अवस्था रहेमा पूर्वसहमति विना नै सिफारिस गर्ने निर्णय गर्नुपर्ने भएमा सिफारिस गर्नुपूर्व कर्पोरेट बाल संरक्षण टीमबाट सहमति लिनुपर्छ। सम्बन्धित बालबालिका र उनीहरुको बाबुआमा/अभिभावकको व्यक्त अनुमति विना सम्बन्धित बाल कल्याण निकाय/कानुन लागू गर्ने निकायलाई बाहेक अन्य कुनै पनि व्यक्ति वा संस्थाहरुलाई बालबालिका र उनीहरुको परिवारको उक्त परिस्थितिको विवरण जानकारी दिनेछैन।

परिवार तथा समुदायमा जोखिममा रहेको बालबालिकाको सम्बन्धमा आरोप तथा गुनासो व्यवस्थापनका लागि र कर्मचारीविरुद्धको आरोप व्यवस्थापन गर्ने कार्यविधिहरु बाल संरक्षण प्रतिकार्य योजनामा विस्तृत रुपमा उल्लेख छ। आरोप वा गुनासोबारे खबर गर्नेसम्बन्धमा थप मार्गदर्शनको लागि बाल संरक्षण सम्पर्क व्यक्ति वा कर्पोरेट बाल संरक्षण टीमलाई सम्पर्क गर्नुहोस् जसले यो प्रक्रियाको समयमा सहयोग प्रदान गर्नेछ।

## ५. कार्यान्वयनको अनुगमन तथा मूल्यांकन

### ५.१ जवाफदेहिता

यस बाल संरक्षण नीतिको राष्ट्रस्तरमा कार्यान्वयनको जवाफदेहिता कन्ट्री डाइरेक्टरमा रहन्छ। रणनीतिक विजनेस युनिट र सहयोगी विभाग (जस्तै वित्त) भित्रको जवाफदेहिता रणनीतिक विजनेस युनिटका डाइरेक्टरहरु वा बेलायतका हकमा रणनीति विजनेस युनिट नेतृत्वमा रहन्छ । विश्वभरका ब्रिटिश काउन्सिलभित्र बाल संरक्षणको अन्तिम दायित्व प्रमुख कार्यकारी अधिकृतमा रहन्छ।

बाल संरक्षण नीतिको सबै उलंघनहरुलाई गम्भीर रुपमा लिइनेछ र अनुक्रमिक कारवाही थालिनेछ।

### ५.२ बालबालिकासहित ग्राहकहरुबाट पृष्ठपोषण

नियमित रुपमा, तर प्रत्येक तीन वर्षभन्दा अघि होइन, राष्ट्रहरु र रणनीतिक विजनेस युनिटहरुले यस नीतिको कार्यान्वयनको सम्बन्धमा स्थानीयस्तरमा ग्राहकहरुकाट पृष्ठपोषण लिनुपर्नेछ ताकि यो कसरी संचालित हुनुपर्छ भन्ने सवालको हकमा नीतिमा कुनै समायोजनको आवश्यकता छ भन्ने कुरा निर्धारण गर्न सकियोस् ।

साना कार्यसञ्चालन वा एकदम चुनौतीपूर्ण परिवेशमा कार्य गरिरहनुपरेका राष्ट्रहरुमा यो सम्भव नहुन सक्छ। त्यस्तो अवस्थाहरुमा पृष्ठपोषणको वैकल्पिक समय तालिकाका सम्बन्धमा कर्पोरेट बाल संरक्षण टीमबाट सहमति लिनुपर्छ।

### ५.३ बाल संरक्षण स्व-संपरीक्षण

वार्षिकरुपमा अनुरोध गरेबमोजिम र कर्पोरेट बाल संरक्षण टीमले तयार गरेको प्रारुप प्रयोग गरी हरेक राष्ट्रहरु र कर्पोरेट तहका रणनीतिक विजनेस युनिटले बाल संरक्षणको स्व-संपरीक्षण गर्नेछन् । यस परीक्षणको उद्देश्य यस बाल संरक्षण नीतिको कार्यान्वयन प्रगतिको मापन गर्न तथा सुरक्षामा रहेका दूरी पहिचान गर्न, र बार्षिक बाल सुरक्षा कार्य योजनाको विकासमा योगदान गर्नु रहेको छ (खण्ड ३.१.४ हेर्नुहोस्) ।

यस परीक्षण बाल संरक्षण सम्पर्क व्यक्तिले अन्य कर्मचारीहरुसँग मिलेर तयार गर्नुपर्छ र कर्पोरेट बाल संरक्षण टीमबाट पुनरावलोकन गरिनुपर्छ।

पुनरावलोकनपछि परीक्षण प्रतिवेदनमा सम्बन्धित कन्ट्री डाइरेक्टर वा रणनीतिक विजनेस युनिट नेतृत्वको अनिवार्य हस्ताक्षर हुनुपर्छ।

### ५.५ स्रोत सामग्री

यस बाल संरक्षण नीतिको प्रभावकारी कार्यान्वयनको सुनिश्चित गर्न हरेक राष्ट्र, क्षेत्र र रणनीतिक विजनेस युनिटले उपयुक्त वित्तीय तथा जनस्रोत छुट्याउनुपर्छ। शून्य सहनशीलताको नीति भएकोले लागतको वास्ता नगरी पूर्ण पालना प्राप्त गर्न ब्रिटिश काउन्सिलले सबै आवश्यक उपायहरु अनिवार्य अपनाउनुपर्ने कुरामा जोड दिन्छ।

### ५.५ अन्य अनुगमनका संयन्त्र

अनुरोध गरिएको अवस्थामा कन्ट्री डाइरेक्टरहरु र रणनीतिक बिजनेश युनिट नेतृत्वहरुले ब्रिटिश काउन्सिलद्वारा स्थापित अन्य प्रतिवेदन तथा अनुगमन संयन्त्रहरुमार्फत (जस्तै आन्तरिक संपरीक्षण, उच्च जोखिम प्रतिवेदन र विजनेस निरन्तरता योजनाहरु) यस बाल संरक्षण नीतिको कार्यान्वयन सम्बन्धमा जानकारी दिनुपर्ने हुनसक्छ ।

आन्तरिक अनुगमन संयन्त्रका अतिरिक्त यस नीतिको कार्यान्वयन बाह्य अनुगमनको बिषय पनि हो । जसको अनुगमन किपिङ चिल्ड्रेन सेफ र च्यारिटी कमिसन जस्ता अन्य निकायहरुले गर्नेछन् ।

### ५.६ बाल संरक्षण नीतिको पुनरावलोकन

नियमित अन्तरालमा यस नीतिको पुनरावलोक गरिनेछ, जुन कम्तीमा पनि हरेक तीन वर्षमा हुनेछ ।

यस बाल संरक्षण नीतिको पुनरावलोकन गर्ने दायित्व कर्पोरेट बाल संरक्षण टीममा रहन्छ ।

**कर्पोरेट बाल संरक्षण टीम**
**नोभेम्बर २०१५**
**औपचारिक पुनरावलोकन वर्ष २०१८**